जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

वर्षः- १५ अंकः- २० २०८२ साल साउन २३ शुक्रवार (Aujust 8, 2025) पृष्ठ संख्याः- ४ मुल्य रु : ५।-

## बजार मूल्य नपाएपछि किसानद्वारा डडेल्धुरा बसपार्कमै फालियो खुर्सानी

बिगूल समाचार
२३ साउन २०८२



डडेल्धुरा । साउन २२, उचित बजार मूल्य नपाएपछि बैतडीको पाटन नगर पालिका वडा नम्बर ७ का किसान हर्क बहादुर चन्दले डडेल्धुरा बसपार्कमा करिब दुई कट्टा खुर्सानी सडकमा फालेका छन् ।

बजारमा खुर्सानीको आपूर्ति अत्यधिक बढेपछि प्रति किलो २० रुपैयाँ पनि नपाउने अवस्था आएपछि उनले निराश हुँदै यस्तो कदम चालेका हुन् । "गाउँमा धेरै मेहनत गरेर लगाएको खुर्सानीले लागत पनि नउठ्ने भएपछि यसरी फाल्न बाध्य भएँ," चन्दले गुनासो गरे ।

बैतडीको पाटनबाट डडेल्धुरामा खुर्सानी बिक्री गर्न आएका चन्दले सडकमा खुर्सानी फालेर सरकार र सरोकार वालाहरूको ध्यानाकर्षण गराउने प्रयास गरेका छन् ।

यो घटनाले डडेल्धुरा र आसपासका पहाडी क्षेत्रका किसानहरूले भोगिरहेको बजार व्यवस्थापनको चरम समस्यालाई उजागर गरेको छ । उत्पादन धेरै हुँदा पनि उचित मूल्य नपाउँदा किसानहरू हतोत्साहित भइरहेका छन् ।

स्थानीय कृषकहरूले बजारमा न्युनतम समर्थन मूल्य तोक्न, उचित मूल्यमा बिक्री सुनिश्चित गर्न र स्थानीय उत्पादनका लागि बजार व्यवस्थापन प्रणाली बलियो बनाउन सरकार र सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

## कार्यविधि नबन्दा करोडौँ को काठ वनमै कुहिँदै

बिगूल समाचार
२३ साउन २०८२



कञ्चनपुर । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरिएको पाँच वर्ष बितिसक्दा पनि नयाँ दिगो कार्यविधि नआउँदा कैलाली र कञ्चनपुरका दर्जनौं सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूह समस्यामा परेका छन् ।

काठ सङ्कलन गर्न नपाउँदा वनमा रहेको लाखौं मूल्यको काठ कुहिएर जान थालेको छ । सामुदायिक वनमा उत्पादन भएका काठ र दाउरा प्राविधिक कार्ययोजनाअनुसार सङ्कलन गर्न नपाउँदा वन समूह आर्थिक सङ्कटमा परेका छन् ।

सरकारले विसं २०७७ माघ ११ गते वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरेको थियो । सो निर्णयपछि कैलाली र कञ्चनपुरका सामुदायिक वनको पूर्वस्वीकृत कार्ययोजना कार्यान्वयनमा रोक लगाइएको सामुदायिक वन समन्वय समितिका सचिव विरबहादुर राजवंशीले बताए । 'यसले गर्दा न काठ सङ्कलन सम्भव भएको छ, न त वनको संरक्षण र संवर्द्धन नै भएको छ', उनले भने, 'कार्यविधिको अभावमा दिगो वन व्यवस्थापनको बाटोसमेत बन्द भएको छ ।'

सङ्कलन र बिक्रीमा कानुनी अड्चन हुँदा करोडौं काठ वनमा कुहिएर जादै गरेको उनले बताए । उनका अनुसार वन ऐन २०७७ को दफा ३० र वन नियमावली २०७८ को नियम २ अनुसार सिल्भिकल्चर प्रणाली (वन सम्वर्द्धन प्रणाली) अपनाएर वन व्यवस्थापन गर्न सकिने व्यवस्था स्पष्ट भए पनि नयाँ कार्यविधि ल्याउन ढिलाइ हुँदा उपभोक्ता समूह आर्थिक, सामाजिक र संस्थागत रूपमा प्रभावित भएका छन् ।

विगत पाँच वर्षदेखि कार्यविधि नल्याउँदा वन व्यवस्थापन, जीविकोपार्जन, सामाजिक सेवा र संस्था सञ्चालनमा समस्या आइरहेको बैजनाथ सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष बहादुर सिंह महराले बताए ।

सरकारले दिगो वन व्यवस्थापनलाई बेवास्ता गरेको भन्दै वैज्ञानिक वन उपभोक्ता राष्ट्रिय महासंघ नेपालका सुदूरपश्चिम संयोजक पुष्कलबहादुर बमको नेतृत्वको टोलीले सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालालाई २३ बुँदे ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्रमा कर प्रणाली सुधार, बैंक ऋणमा पहुँच, काष्ठ तथा गैरकाष्ठ उद्योग सञ्चालनमा अनुदानको व्यवस्था र तालतलैया व्यवस्थापनमा सामुदायिक वनको अधिकार सुनिश्चित गर्नेजस्ता माग उल्लेख छन् । प्रदेश सरकारले हालसम्म दिगो वन व्यवस्थापन कार्यविधि नल्याउँदा वन क्षेत्रको उचित व्यवस्थापन हुन सकेको छैन । सुदूरपश्चिम प्रदेशमा कुल भूभागको झण्डै ६० प्रतिशत वन क्षेत्र रहेको भए पनि त्यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको उपभोक्ताहरूको भनाइ छ ।

सामुदायिक तथा साझेदारी वन व्यवस्थापनबाट प्राप्त आम्दानीको १० प्रतिशत प्रदेश सञ्चित कोष र १० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा जानुपर्ने व्यवस्था वर्तमान आर्थिक ऐनमा गरिएको छ ।

यस्तै बाह्य बिक्री वितरणबाट प्राप्त आम्दानीको २५ प्रतिशत पनि प्रदेश सञ्चित कोषमा जानुपर्ने नियमले उपभोक्तालाई थप मार परेको छ । दोहोरो, तेहरो र चौहरो करप्रणालीका कारण काठ तथा दाउरा व्यवस्थापन थप जटिल बनेको भन्दै 'एकद्वार करप्रणाली' लागू गर्न सामुदायिक वनका उपभोक्ताले माग गरेका छन् ।

संघीय वन नियमावली २०७९ को दफा २२ को उपदफा ४ मा उल्लेख भएअनुसार उपभोक्ता समूहको घाटगद्दिमा रहेको काठ आन्तरिक खपतपछि बाँकी काठमध्ये २५ प्रतिशत आपूर्ति समितिमा पठाउने प्रावधान भए पनि कार्यान्वयनमा आउन सकेको छैन । रासस

## रवि लामिछानेले रुपन्देही अदालतमा बुझाए पौने तीन करोड बिगो

बिगूल समाचार
२३ साउन २०८२



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेले आफ्नो भागको बिगो बापत बैंक जमानत अदालतमा बुझाएका छन् । सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि रुपन्देही कारागारमा थुनामा रहेका सभापति लामिछानेले बिगो वापत बैंक जमानत अदालतमा बुझाएका हुन् ।

आफूलाई थुनाबाहिर राख्न माग गर्दै तीन दिन पहिले निवेदन दिएका उनले अदालतमा आफ्नो भागको बिगो वापतको बैंक जमानत पनि पेस गरेका हुन् । सुप्रिम सहकारी ठगीका अभियुक्त लामिछानेले २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत पनि पेस गरिसकेको अदालत रुपन्देहीका सूचना अधिकारी पदम अर्यालले जानकारी दिए ।

सभापति लामिछानेले निवेदनसँगै आफ्नो भागको बिगो वापतको बैंक जमानत पनि बुझाइसकेको उनको भनाई छ । लामिछानेले निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम बैंक जमानत लिई यही ऐनको दफा ७१ बमोजिम थुनामुक्त गर्न आदेश माग गरेका छन् ।

६८ मा अभियुक्तसँग धरौटी वा बैंक जमानत लिएर रिहा गर्न सक्ने व्यवस्था छ । दफा ७१ मा कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने भन्ने व्यवस्था छ ।

दफा ७१ (१) मा भनिएको छ, 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार दफा ६७ बमोजिम थुनामा राख्न वा दफा ६८ बमोजिम निजसँग धरौटी, जमानत वा बैंक जमानत माग्न सक्नेछ र सुरुमा पुर्पक्षका लागि अभियुक्तलाई थुनामा नराखेको वा निजसँग धरौटी, जमानत वा बैंक जमानत नलिएको कारणले मात्र पछि निजलाई थुनामा राख्न वा निजसँग धरौटी, जमानत वा बैंक जमानत माग्न अदालतलाई बाधा परेको मानिने छैन ।'

सोही दफाको उपदफा (२) मा '६७ वा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन बन्ने प्रमाणित हुन सक्ने कुनै मनासिव आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाई गरी अदालतले थुनाबाट छोड्ने आदेश दिन सक्नेछ', भनि उल्लेख छ ।

लामिछानेको यो निवेदन दर्ता भएकै दिन न्यायाधिश डिल्लीराम शर्मा अर्यालको इजलासले विपक्षीलाई जानकारी दिने आदेश गरेको थियो । तर मंगलबार र बुधबार पेसी स्थगित तोकेका थिए ।

न्यायाधीश दीपेन्द्र थापा मगरको इजलासमा बुधबार र मंगलबार न्यायाधीश प्रल्हादकुमार योगीको इजलासमा पेसी तोकिएको थियो । यसअघि रविलाई एक करोड रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिने पनि योगी नै थिए । रुपन्देहीको सुप्रिम सहकारी ठगीको अभियोगमा उनी सहितका प्रतिवादीहरुलाई एकमुष्ट १० करोड ९९ लाख रुपैयाँ बिगो कायम गरिएको छ । त्यसमध्ये आफ्नो भागमा पर्ने सम्पुर्ण बिगो बराबरको रुकम बैंक जमानत राखेर आफूलाई रिहा गर्न उनले माग गरेका छन् ।

पूर्व गृहमन्त्री समेत रहेका लामिछानेलाई यसअघि जिल्ला अदालत रुपन्देहीले माघ १३ गते एक करोड रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । आदेश आएकै दिन उनी धरौटी बुझाएर रिहा भएका थिए ।

तर उक्त आदेशविरुद्ध सरकार रविलाई थुनामै राख्न माग गर्दै उच्च अदालत गएको थियो । यस्तै रवि पनि धरौटी रकम बढि भएको भन्दै आफूलाई साधारण तारेखमा राखेर पुर्पक्ष गर्न माग गर्दै उच्चमा निवेदन दिएका थिए । २०८१ चैत २५ गते उच्च अदालत तुलसीपुरको बुटवल इजलासले जिल्ला अदालतको आदेश बदर गर्दै रविलाई थुनामा पठाउने आदेश गरेको थियो ।

## सम्पादकीय

### सावधानी र सतर्कताले मात्रै क्षतिलाई कम गर्न सकिन्छ !

देशका विभिन्न भागहरूमा लगातार वर्षासँगै पहाडी क्षेत्र देखि तराईसम्मका नदीनाला र खोल्सामा पानीको वहाव उल्लेख्य मात्रामा बढेको छ । कतिपय ठाउँमा स्थानीय बस्ती तथा खेतीयोग्य जमिन डुबानमा परेको समाचार आइरहेका छन् भने कतिपय सडक खण्डमा पहिरो र बाढीका कारण आवागमन पूर्ण वा आंशिक रूपमा अवरुद्ध भएका छन् ।

वर्षायाममा हुने प्राकृतिक प्रकोप केवल भौतिक संरचनामा मात्र क्षति पुऱ्याउँदैन, यसले मानवीय जीवनमा पनि गहिरो प्रभाव पार्छ । नदी, खोल्सो र नालाको वहाव बढ्नु भनेको बस्तीमा पानी पस्ने, घरहरूमा क्षति पुग्ने, पशुधन बगाउने, खेतबारी नष्ट हुने र यातायात पूर्णरूपमा ठप्प पार्ने खतरा हुनु हो । यस वर्षको वर्तमान अवस्थाले के देखाइरहेको छ भने यदि हामी समयमै सावधानी अपनाउन असफल भयौं भने धनजनको ठूलो क्षति हुन सक्छ ।

यस सन्दर्भमा, पहिलो र सबैभन्दा महत्वपूर्ण कुरा नागरिकको सुरक्षालाई प्राथमिकता दिनु हो । कुनै पनि कारणले बाढी, पहिरो वा डुबानको जोखिम भएको क्षेत्रमा अनावश्यक रूपमा आवतजावत गर्नु हुँदैन । कतिपय अवस्थामा मानिसहरू बाढीको बहाव हेर्न, तस्विर वा भिडियो खिच्न नदीको छेउमा पुग्छन्, जसले ज्यान नै जोखिममा पार्न सक्छ । यस्तो बेवास्ताले दुर्घटना निम्त्याउन सक्छ, जसको परिणाम अपूरणीय हुन्छ । त्यसैले, सजग रहनु नै जीवनरक्षाको पहिलो कदम हो ।

दोस्रो, घरमै सुरक्षित रहनुपर्ने अवस्थालाई हामीले कमजोरीको रूपमा होइन, जीवनरक्षाको अवसरको रूपमा लिनुपर्छ । घरभित्र बस्दा पनि, विद्युत् उपकरण, ग्यास सिलिन्डर, पिउने पानी, आपतकालीन औषधि, टर्च, मोबाइल फोनको ब्याट्रीजस्ता अत्यावश्यक वस्तुहरू तयार राख्नुपर्छ ।

तेस्रो, यात्रा गर्नैपर्ने अवस्था आयो भने, विशेष गरी लामो दूरीको यात्रा अघि बाटोको अवस्था, मौसमको विवरण र सम्बन्धित निकायको सूचनालाई अनिवार्य रूपमा हेर्नुपर्छ । नेपालका पहाडी सडकहरू वर्षायाममा धेरै संवेदनशील हुन्छन् । कहिले सडक बीचमै पहिरो खस्छ, कहिले पुल बगाउँछ, कहिले पहिरो पन्छ्याउन दिनौं लाग्छ यी सबै सामान्य उदाहरणहरू हुन् । यस्तो अवस्थामा धैर्य र सावधानी मात्रले दुर्घटना टार्न सक्छ ।

चौथो, नदी र खोल्सामा पानीको सतह बढ्नु भनेको तल्लो तटीय क्षेत्रका बस्तीहरू बढी जोखिममा हुनु हो । यस्तो क्षेत्रमा बसोबास गर्ने परिवारले समयमै सुरक्षित स्थानमा सर्न तयार रहनुपर्छ । बाढीको चेतावनी आएको छ भने "अहिले केही भएन, पछि हेरौं" भन्ने सोच राख्नु घातक हुन्छ ।

यसमा राज्यको दायित्व पनि उत्तिकै महत्वपूर्ण छ । सरकारका सम्बन्धित निकायले प्रभावित क्षेत्रमा उद्धार टोली, स्वास्थ्यकर्मी, खानेपानी र आवश्यक राहत सामग्री समयमै पु-याउनु पर्छ । मौसम पूर्वानुमान र सम्भावित जोखिमबारे सूचना प्रवाह अझ प्रभावकारी हुन आवश्यक छ । अहिले जस्तै मोबाइल एसएमएस, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत चाँडो र स्पष्ट सूचना दिन सक्नुपर्छ ।

तर, प्राकृतिक विपत्तिबाट हुने क्षति घटाउने जिम्मेवारी केवल राज्य वा उद्धारकर्मीको मात्र होइन, हरेक नागरिकको पनि हो । आफ्नो परिवार, छिमेकी र समुदायलाई जोखिमको बारेमा सचेत गराउनु, सानो गल्तीले ठूलो क्षति निम्त्याउन सक्छ भन्ने बुझेपछि मात्रै हामी सजग बन्छौं । यसरी सामूहिक सतर्कताले मात्र ठूलो क्षति कम गर्न सकिन्छ ।

अन्ततः, वर्षायाम केवल पानी र हरियालीको मौसम मात्र होइन, यो सतर्कता र तयारीको मौसम पनि हो । हामीले वर्षा थाम्न सक्दैनौं, तर यसबाट हुने क्षति अवश्य घटाउन सक्छौं । त्यो केवल समयमै सावधानी अपनाएर, जोखिमयुक्त स्थानबाट टाढा रहेर र आपतकालीन तयारी गरेर मात्र सम्भव हुन्छ ।

अहिलेको परिस्थिति गम्भीर छ देशका ठूला नदीहरूमा पानीको बहाव बढेको छ, सडकहरू अवरुद्ध हुने क्रम जारी छ, पहिरो र डुबानको जोखिम अझै छ । यस अवस्थामा, हरेक नागरिकलाई आग्रह छ अनावश्यक यात्रा नगर्नुहोस्, जोखिम भएको क्षेत्रमा नजानुहोस्, घरमै सुरक्षित रहनुहोस् र आवश्यक सावधानी अपनाउनुहोस् । जीवन एकपटक मात्रै हुन्छ, त्यसलाई बचाउन सावधानी भन्दा ठूलो उपाय अरू छैन ।

# माधव–झलनाथ टकरावको अर्थ



**नेता सुध्रिने भनेको स्वविवेक र आलोचनाले हो । हाम्रोमा विवेकहीन नेतृत्व र चेतहीन कार्यकर्ता छन् । को सुध्रिने ? कसले आलोचना गर्ने ? अनि कसरी कम्युनिस्ट आन्दोलन बलियो बन्ने ? फस्टाउने ? यस्ता तमाम सवाल नयाँ पुस्ताले उठाइरहनुपर्नेछ, जुनदिनसम्म उचित र ठोस जवाफ पाइँदैन ।**

**धनराज वास्तविक**

नेपालको राजनीतिमा अनेकन उतारचढाव र विवाद भइरहन्छन् । कहिले विचारलाई लिएर विवाद, बहस र आलोचना हुन्छन् त, कहिल्यै व्यावहारिक कुरा प्रधान बनिदिन्छ । कहिले नीति प्रधान बन्छ त कहिले नेता ।

यस्तै खालका बहसमा रुमलिएको नेपाली कम्युनिस्ट आन्दोलन आज छिन्नभिन्न अवस्थामा छ । साना साना विषयदेखि वैचारिक, सैद्धातिक मतभेदका कारण पार्टी विभाजन भएका छन् । कतिपय अवस्थामा त नितान्तै व्यक्तिगत रिस, राग, आग्रह, पूर्वाग्रहका कारण पनि पार्टी विभाजन भएको कुरा घाम जस्तै छ । स्थापनादेखि यताका ७६ वर्ष यस्ता धेरै उदाहरणले नेपाल कम्युनिस्ट पार्टी गुज्रेको छ । औपचारिक रूपमा २०१९ सालदेखि यो टुटफुटको इतिहास धेरै नै तीतो छ ।

वर्तमान अवस्थामा कम्युनिस्ट आन्दोलन छिन्नभिन्न छ भन्ने कुरा पनि घामजस्तै छ । भोलिका दिनमा पनि आजकै जस्तो हालत नरहला भन्न सकिँदैन । यस्तो किन भइरहेको छ, कम्युनिस्ट आन्दोलन बिरामी पर्नुका मुख्य कारण के हो, समस्या कहाँ छ ? भन्ने खालका स्वभाविक सवालमाथि आजको पुस्ताले विमर्श गर्नैपर्छ । संस्थापक पुष्पलालकै पालामा पनि कम्युनिस्ट पार्टी विभाजित बन्यो । त्यो शृंखला आजका दिनसम्म जारी छ । पछिल्लो समय नेकपा (नेकपा) विभाजन, एमाले विभाजन, वैद्य नेतृत्वको पार्टी विभाजन यसका ज्वलन्त उदाहरण हुन् ।

नेतृत्वमा लोभ छ । स्वार्थपना छ । आफन्तवादी चिन्तन छ । सामूहिक भावना छैन । कोटरीमा रमाउने, पार्टी, देश र जनताको भन्दा पनि गुटको भलाइका निम्ति काम गर्ने नेतृत्वको गैरराजनीतिक, अपराधिक, अराजक, उदण्ड, लोभी, पापी प्रवृत्ति नै कम्युनिस्ट आन्दोलन गुटग्रस्त छ । गुटग्रस्त भएकै कारण फुटको सिकार बनेको हो भन्ने कुनै संकोच मान्नुपर्ने कारण छैन । सामान्यभन्दा सामान्यदेखि वैचारिक र सैद्धान्तिक असमतिमा कम्युनिस्ट पार्टी विभाजन भएका छन् ।

आज मुलुकमा सबैभन्दा धेरै दोकान कम्युनिस्टहरूका छन् । विचार, सिद्धान्त र कार्यक्रमका आधारमा नेपालमा एउटा मात्रै कम्युनिस्ट पार्टी भए पुग्ने हो । तर, २ दर्जनभन्दा धेरै समूह खडा गरेर सटर खोलिएका छन् । केही हदसम्म सांगठनिक रूपमा बलियो मानिने नेकपा (एमाले) दोस्रो पटक २०७८ मा विभाजन भयो । २०६९ साल यता मात्रै माओवादी केन्द्र २ दर्जनभन्दा धेरै भागमा छिन्नभिन्न छ । यस स्तम्भमा भने नेपालको समग्र कम्युनिस्ट आन्दोलनको भन्दा पनि नेकपा एमालेबाट विभाजित भएर २०७८ सालमा पुनर्गठित नेकपा (एकीकृत समाजवादी) को वर्तमान विवाद, बहस र आलोचनाको बारेमा केही स्पष्ट पार्ने कोशिस गरिनेछ । किनकी पछिल्लो समय यस पार्टीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालबीच वाक युद्ध चलिरहेको छ । जसकामाथि वैचारिक दृष्टिकोणले हेर्नुपर्ने हुन्छ ।

**वैचारिक वहसमा खनाल**

नेकपा (एकीकृत समाजवादी) पार्टी आकार सानो भए पनि इतिहासले सुम्पेको भूमिकाका कारण यसको राष्ट्रिय रूपमै चर्चा भइरहन्छ । एकीकृत समाजवादीबारे राष्ट्रिय चासो हुनुको पहिलो कारण भनेको मुलुकका २ जना पूर्वप्रधानमन्त्री रहनु हो । यो भन्दा पछि 'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने नारा चर्चाको विषय बनेको थियो । त्यो नारा वर्तमान अवस्थामा अध्यक्ष माधवकुमार नेपालमाथि अख्तियारले पतञ्जली प्रकरणमा भ्रष्टचार मुद्दा दायर गरेपछि थला परेको छ ।

त्यस्तै पछिल्लो समय रामकुमारी झाँक्रीले अध्यक्ष लक्षित गरेर बोलेको भनिएको 'सिनो' शब्दले यस पार्टीलाई चर्चाको शिखरमा राख्यो । झाँक्रीमाथि कारबाही गर्ने, पार्टीबाट निकाल्ने जस्ता धम्कीहरू पार्टीका पदाधिकारीहरूले दिए । त्यो प्रकरण सेलाउन नपाउँदै अर्को विवाद सुरू भएको छ । नेता खनालले नेकपा (एकीकृत समाजवादी) ले विद्रोह पुष्टि गर्न सकेन भनेपछि यतिबेला पार्टी पंक्ति र बाहिरसमेत चर्चाको विषय बनेको छ । एमालेबाट विद्रोह गरेर कतै गल्ती गरिएको त होइन ? भन्ने अवस्थामा नेता खनाल पुगेको निष्कर्ष पनि सुनियो । जबजलाई नेता खनालले उहिल्यै 'दक्ष प्रजापति'को टाउको भनेका थिए । मदन भण्डारीकै सामु नेता खनालले आफूलाई नौलो जनवादकै पक्षधर रूपमा खडा गरेका थिए ।

आजका दिनसम्म पनि खनालले मनमा जबज बोकेर समाजवादी पार्टी हाँक्न सकिन्छ त ? भन्ने प्रश्न गरिरहेका सुनिन्छन् । यस्ता केही वैचारिक, सैद्धान्तिक र व्यावहारिक कुरा उठाएका कारण नेता खनालले बोलेको सन्दर्भ विषय ठिक हो । तर, त्यो मिडियामा भन्न हुन्थेन कि भन्ने लाग्नु स्वभाविक हुन्छ । यसो बोले वापत खनाललाई पार्टीबाट निकाल्नुपर्ने, नेतृत्वका जुका र किर्नाहरूले खनाललाई खेद्नुपर्ने, गाली गर्नुपर्ने कुनै कारण छैन । एमालेबाट विद्रोह गरेको हो या विभाजन ? यसको बारेमा गहन र गम्भीर छलफल हुनुपर्ने कुरा नेता खनालले उठाएका छन् । यस वापत गाली गर्नुपर्ने कुनै कारण छैन ।

अध्यक्ष नेपालले हतारमा तानाशाह शैलीमा पार्टीबाट निकाल्ने धम्की नदिएको भए हुने थियो । हुन त यसअघि रामकुमारीलाई पार्टीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले पनि टेलिभिजनको अन्तरवार्तामार्फत पार्टीबाट निकाल्ने भनेका थिए । यसरी व्यक्ति केन्द्रित हुनुभन्दा पनि विषय केन्द्रित भएर गरिने छलफल बहसहरू न्यायोचित हुन्छन् भनेर नेतृत्वलाई कसले सुझाव दिने ? एउटै पार्टी भित्रका नेता कार्यकर्ताले बोलेका कुराका बारेमा पार्टी कार्यालयमा बोलाएर वा पार्टीका कमिटीमा राखेर यस्ता विषयहरूका बारेमा छलफल र समस्या हल गर्नु नेतृत्वको मुख्य दायित्व र कर्तव्य पनि हो ।

नेपालका कम्युनिस्ट पार्टीमा विवाद हुने बित्तिकै पार्टी विभाजन गर्ने र आलोचना गर्दा बित्तिँदै बहुमतको आडमा कारबाही गर्ने गैरमार्क्सवादी राजनीतिक चरित्र नयाँ होइन । यही चरित्रका कारण कम्युनिस्ट नामका अनेकौं पसल खुलेका हुन् । अर्को कुरा कम्युनिस्ट पार्टी र आन्दोलन यसरी खिइँदै जानुमा नीति नभएर नेता प्रधान बन्नु हो । हरेकजसो कम्युनिस्ट पार्टीमा अहिले नेता प्रधान छ । त्यसकारण पार्टीभित्रको अराजकताका विरूद्ध कोही पनि बोल्न सक्ने अवस्था छैन । जनवादी केन्द्रीयताको डन्डा टाउकोमा बजार्ने काम भइहाल्छ । नेता सुध्रिने भनेको स्वविवेक र आलोचनाले हो । हाम्रोमा विवेकहीन नेतृत्व र चेतहीन कार्यकर्ता छन् । को सुध्रिने ? कसले आलोचना गर्ने ? अनि कसरी कम्युनिस्ट आन्दोलन बलियो बन्ने ? फस्टाउने ? यस्ता तमाम सवाल नयाँ पुस्ताले उठाइरहनुपर्नेछ, जुनदिनसम्म उचित र ठोस जवाफ पाइँदैन ।

**तथ्यले के भन्छ ?**

एकीकृत समाजवादी पार्टीका बारेमा धेरै मान्छेहरू जानकार छन् । किनकी यो पार्टी बनेको धेरै भएको छैन । यस पार्टीमा कस्ता नेता छन्, उनीहरूको विगत र वर्तमान कस्तो छ ? भन्ने बारेमा पनि मानिसहरू स्पष्ट छन् । एमालेबाट नेता नेपाल, खनाललगायत अन्य नेताहरू छुट्टिएर यस पार्टी बनाउँदा केही उभार थियो । तर, बिस्तारै मुकुन्द न्यौपाने जस्ता नेताहरूले पार्टी विभाजन गर्नु गल्ती थियो भन्दै फर्किएपछि पार्टीभित्र विद्रोह या विभाजन ? भन्ने विषयले प्रवेश पाएको साँचो हो । केहीले विभाजन भन्छन् भने केहीले विद्रोह । माधव र केपी ओलीबीचको व्यक्तिगत इगोका कारण पार्टी विभाजन गरिएकोमा एउटा पंक्ति पश्चात्ताप गरिरहेका सुनिन्छ । अर्कातर्फ अध्यक्ष नेपाललगायत केही पंक्ति छ, जसले एमालेबाट विद्रोह गरिएको हो, पार्टी विभाजन गरेको होइन भन्छ ।

पार्टीका दस्तावेजले पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद लेनिनवाद भन्छ । तर, अध्यक्ष नेपालले १०औं राष्ट्रिय महाधिवेशनबाट पारित गरेको समाजवादी कार्यक्रम प्रकाशित गरेका छैनन् । महाधिवेशन भएको १ वर्ष बित्दा पनि एउटा अपानी जारी भएको छैन । पार्टीका केन्द्रीय विभाग बनेका छैनन् । पार्टी असरल्ल परेको अवस्था छ, वैचारिक, सैद्धान्तिक, सांगठनिक रूपमा पार्टीलाई पुनर्गठन गरौं भन्ने आसयले नेता खनाले विद्रोह पुष्टिका बारेमा बोलेको दाबी गर्छन् ।

२-२ जना पूर्वप्रधानमन्त्री भएको पार्टी राष्ट्रिय दल बन्न नसक्नु, विभिन्न मुद्दामा आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न नसक्नु, कांग्रेस र माओवादी केन्द्रको बैशाखी बन्नु, पार्टीका जनवर्गीय संगठनहरू ध्वस्त हुनु, सामान्य विषयमा यस पार्टीका नेता कार्यकर्ताहरू सामाजिक सञ्जालमा वारपारको

बाकी पृष्ठ ३ मा


## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- वर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाल, डडेल्धुरा

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

## माधव-झलनाथ ........


लडाइँमा रमा उनु, पार्टीका केन्द्रीय कार्यालय र नेतृत्वको फेरो समातेर नेता बन्ने प्रवृत्ति देखिनु, वैचारिक र सैद्धान्तिक सामर्थ्यभन्दा पनि नेताको एस म्यान बनेर कार्यकर्तामाथि शासन गर्ने मान्छेहरूको संख्या बढ्नु, पार्टी दलाल, बिचौलिया र अवसरवादीहरूको कब्जामा पर्नु जस्ता तथ्यले विद्रोह नभएर चोइटिएको पुष्टि गरिहरहेको छ।

जनवादी पुँजीवादी क्रान्ति सम्पन्न भएको र अब समाजवादतर्फ संक्रमण हुनेगरी कार्यक्रम तयार गर्ने र सोहीअनुसार अघि बढ्ने लक्ष्य लिएको एस पार्टी जमेको पोखरीजस्तो बनेको छ। जमेको पोखरीमा बाँच्ने र बस्ने भनेको माछा हो, मान्छे होइन। यो सत्यलाई आत्मसात गरेर पार्टी नेतृत्व (माधव-झलनाथ) ले बसेर छलफल गर्नुको विकल्प छैन। अर्को कुरा पार्टीभित्रको आन्तरिक विवादलाई विधि सम्मत रूपमा प्रकट हुन दिइएन र त्यसलाई रोक्न खोजिएको भने बिष्फोट हुन्छ। त्यसले पार्टीलाई कमजोर बनाउँछ। लोकतान्त्रीकरणको प्रक्रियालाई अवरूद्ध बनाउँछ भन्ने कुरा पनि हेक्का राख्नुपर्छ।

अन्त्यमा, विद्रोह पुष्टि मूलतः वैचारिक, सैद्धान्तिक, सांगठनिक र राजनीतिक रूपमा सफल बन्नुपर्छ। यी कुरामा एकीकृत समाजवादी पार्टी काजगमा सीमित देखिन्छ। कागजमा विचार र सिद्धान्तका बारेमा स्पष्ट त लेख्यो तर, व्यवहारमा कुनै अन्य कम्युनिस्ट समूहभन्दा फरक देखिएन। यस अर्थमा पनि उक्त पार्टीले एमालेबाट विद्रोह गरेको पुष्टि गर्न आजका दिनसम्म सकेको देखिँदैन। अहिलेकै अवस्थामा र २०८४ सालको चुनावमा जान्छ भने यो पार्टीको कन्तविजोग हेर्नलायक हुने पक्का छ।

# कैलालीको गोदाममा छापा, ३५ लाखभन्दा बढीको लत्ताकपडासहित एक जना पक्राउ

**बिगूल समाचार**
**२३ साउन २०८२**





कैलाली। कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका-४ उत्तर बेहडीस्थित गोल मार्केटबाट साउन २२ गते सशस्त्र प्रहरीले छापा मारेर ३५ लाख २१ हजार २४० रुपैयाँ बराबरको लत्ताकपडासहित एक जनालाई पक्राउ गरेको छ।

सोही ठाउँमा रहेको राधा गोविन्द सप्लायर्सको नाममा दर्ता भएको गोदाममा भारतबाट अवैधरुपमा ल्याएर लुकाई राखेको उल्लेखित मूल्य बराबरको लत्ताकपडासहित सप्लायर्सका सञ्चालक ३४ वर्षीय अंकुश गुप्तालाई पक्राउ गरिएको सशस्त्र सहप्रवक्ता एवं डिएसपी शैलेन्द्र थापाले जानकारी दिए। नं. ३४ गण कैलाली, प्रस्तावित सीमा सुरक्षा गुल्म त्रिनगर कैलाली र कैलाली भन्सार कार्यालयको संयुक्त टोलीले भन्सार छलिको लत्ताकपडासहित गोदाम सञ्चालकलाई पक्राउ गरिएको उनले बताए। नियन्त्रणमा लिइएको सामान र पक्राउ परेका सप्लायर्सका सञ्चालक गुप्तालाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा बुझाइएको उनको भनाई छ।

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं। प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ। वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमदत्तपूर डडेल्धुरा**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि.। टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र

**सामाजिक सेवा एकाई**

लाल बिगूल राष्ट्रिय दैनिक

२०८२ साल साउन २३ शुक्रवार

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३


शिक्षा/साहित्य/विविध




# नेपालमा मुटु, क्यान्सर र श्वासप्रश्वास सम्बन्धी रोगका बिरामी धैरै

बिगूल समाचार

२३ साउन २०८२




नेपालमा नसर्ने मुटु, क्यान्सर र श्वासप्रश्वास सम्बन्धी रोग धैरै देखिने गरेको छ । नसन रोगबारे काम गरिरहेको संस्था नेपाल एनसिडी एलाइन्सका डा.मनिता प्याकुरेलले नेपालमा नसर्ने रोग बढ्दै गएको बताइन् । तीमध्ये मुटु, क्यान्सर र श्वासप्रश्वास सम्बन्धी रोग धैरै देखिने गरेको उनको भनाइ छ। प्रमुख नसर्ने रोगमा मुटु रोग ३० प्रतिशत, क्यान्सर नौ प्रतिशत र दीर्घकालीन श्वासप्रश्वास सम्बन्धी रोग १० प्रतिशत रोग लाग्ने गरेको उनले बताइन् ।

नेपालमा आजभन्दा १५ वर्ष अघि अर्थात् सन् २०१० मा कुल मृत्युमध्ये ५१ प्रतिशत नसर्ने रोगबाट हुने गर्दथ्यो । सन् २०१४ मा मृत्युको सङ्ख्या बढेर ६० प्रतिशत पुगेको र सन् २०१६ मा त झन् बढेर ६६ प्रतिशत पुगेको जनाइएको छ । सन् २०१९ मा आइपुग्दा कुल मृत्युको ७१ दशमलव एक प्रतिशत हिस्सा नसर्ने रोगको भागमा परेको ग्लोबल बर्डेन अफ डिजिजको प्रतिवेदनमा उल्लेख छ ।

नसर्ने रोगको उपचारमा हुने खर्च अत्यधिक हुने गर्दछ र स्वास्थ्य क्षेत्रमा हुने कुल खर्चमध्ये सबैभन्दा बढी खर्च नसर्ने रोगमा नै हुने गरेको देखिएको छ । विश्वमा नसर्ने रोगका कारण वार्षिक ४३ लाख व्यक्तिको मृत्यु हुने गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले सन् २०५० सम्ममा विश्वव्यापी मृत्यु गराउने पाँच प्रमुख कारण नसर्ने रोग नै हुने अनुमान गरेको छ ।

नसर्ने रोग धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन, अस्वस्थकर खानपान, शारीरिक निष्क्रियता, मद्यपान र वायु प्रदूषणले निम्त्याउने गरेको छ । एलाइन्सका सदस्य तथा स्वास्थ्य पत्रकार सरोज ढुङ्गेलले सरकारले नसर्ने रोगबारेमा आमनागरिकलाई समयमा सचेत गराउन आवश्यक रहेको बताए ।

स्वास्थ्य पत्रकार मञ्च नेपालका पूर्वअध्यक्ष रामप्रसाद न्यौपानेले नसर्ने रोगको रोकथाम र नियन्त्रण गर्न सरकार जतिकै भूमिका पत्रकारको हुने भएकाले नसर्ने रोगबारेमा समाचार सम्प्रेषण गर्न आग्रह गरे ।

# एमाले र काँग्रेसका कारण शिक्षा विधेयक लागु हुन सकेन : प्रचण्ड

बिगूल समाचार

२३ साउन २०८२

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विद्यालय शिक्षा विधेयक वर्तमान सरकारले नै अड्काएको आरोप लगाएका छन् ।

राष्ट्रियसभा गृहमा आज माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) ले आयोजना गरेको 'विद्यार्थीसँग कमरेड प्रचण्ड, शैक्षिक संवाद' कार्यक्रममा अध्यक्ष दाहालले सुरुमा एमाले र कांग्रेसकै कारण विधेयक आउनै ढिला भएको बताए ।

उनले भने, 'सरकारको सार्वजनिक शिक्षा सुधारतर्फ ध्यान छैन ।' पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले विद्यार्थीका लिखित प्रश्नको जवाफ दिने क्रममा संसदबाट विद्यालय शिक्षा विधेयक पारित भएका खण्डमा र उच्चस्तरीय शिक्षा सुधार आयोगका सुझाव कार्यान्वयन गरेका खण्डमा वर्तमान शिक्षाका समस्या धैरै हल हुने पनि बताए ।

उनले आफू नेतृत्वको सरकार हुँदा विश्वविद्यालयमा हुने राजनीतिक भर्ती केन्द्रलाई तोडेर मेरिटोक्रेसिमा नियुक्तिको थालनी गरेको बताए। उनले भने, 'शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो, शिक्षामा सुधार नगरी अन्य क्षेत्रमा सुधार गर्न सकिँदैन, त्यस कारण अब अर्को क्रान्ति चाहिएको छ भनेर मैले भनेको हो, त्यो क्रान्ति सशस्त्र क्रान्ति भनेको होइन ।' उनले शिक्षामा आमुल परिवर्तनका लागि सामूहिक संकल्प र प्रतिबद्धताको खाँचो रहेको बताए ।

अहिले विद्यालय शिक्षा विधेयक पारित भएर ऐन बनेका खण्डमा धैरै समस्याहरु हल हुनेतर्फ ध्यानाकर्षण गराउँदै उनले त्यसलाई छिटो कार्यान्वयनमा लैजान जरुरी रहेको बताए ।

शिक्षालाई सीपयुक्त र रोजगारीमा जोड्नुपर्नेमा जोड दिँदै उनले शिक्षालाई राज्यले जिम्मेवारी लिनुपर्ने बताए । अहिलेसम्म पनि शिक्षामा सुधार हुन नसक्नु विडम्बना भएको बताउँदै अध्यक्ष दाहालले सोचे अनुसारको सुधारात्मक शिक्षा नीति कार्यान्वयन गर्न नसकिएको स्वीकार गरे ।

संघीय निजामती ऐनमा कुलिङ पिरियड जस्तै शिक्षा विधेयकमा पनि जालझेल भएको जानकारी गराउँदै उनले ती कर्मचारीलाई नसिहद दिएर फेरि विधेयक दर्ता गरिएको बताए । उनले जीवनोपयोगी, सीपयुक्त र रोजगारमूलक शिक्षा नै आजको आवश्यकता भएको पनि उल्लेख गरे ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रुपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, डडेल्धुरा